STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १५ गते बुधबार ❑ 1 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमाले अध्यक्षमा पुन: ओली

**रासस**
**चितवन, १४ मंसिर**

नेकपा (एमाले) का नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीले मंगलबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

सो पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनले फराकिलो मतान्तरसहित अध्यक्षमा पुन : केपी शर्मा ओलीलाई निर्वाचित गरेको थियो। बन्दसत्रमा केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले नवर्विाचित अध्यक्ष ओलीलाई सो पदको शपथ गराउनुभयो । अन्य पदाधिकारी र सदस्यलाई अध्यक्ष ओलीले शपथ गराउनुभयो । कूल खसेको दुई हजार ९६ मध्ये अध्यक्ष ओलीले एक हजार ८३७ मत प्राप्त गर्नुभएको पार्टीको केन्द्रीय निर्वाचन आयोगले जनाएको छ । महाधिवेशनमा दुई हजार १५३ प्रतिनिधि रहेका थिए। निर्वाचनमा उपाध्यक्षहरुमा अष्टलक्ष्मी शाक्यलगायत छ जना निर्वाचित हुनुभएको छ भने सो पदमा घनश्याम भुसाल पराजित हुनुभएको छ। सो पार्टीको केन्द्रीय



निर्वाचन आयोगका अनुसार उपाध्यक्षहरुमध्ये शाक्यले एक हजार ९७६, सुरेन्द्र पाण्डेले एक हजार ९२५, सुवास नेम्बाङले एक हजार ८६५, विष्णु पौडेलले एक हजार ८५६, युवराज ज्ञवालीले एक हजार ८४२, रामबहादुर थापा बादलले एक हजार ७६८ मत प्राप्त गर्नुभएको छ। भुसालले ७२५ मत प्राप्त गर्नुभएको थियो।

वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शङ्कर पोखरेललगायत पदाधिकारी भने निर्विरोध निर्वाचित हुनुभएको छ। तीन उपमहासचिवमा प्रदीपकुमार ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल पनि निर्विरोध निर्वाचित हुनुभएको छ।

सचिवमा गोकर्ण विष्ट, योगेश भट्टराई, टोपबहादुर रायमाझी, रघुवीर महासेठ, छविलाल विश्वकर्मा, लेखराज भट्ट र पद्मा अर्याल विजयी हुनुभएको छ। सो पार्टीको केन्द्रीय लेखा आयोगको अध्यक्षमा डा पुष्पराज कँडेल र केन्द्रीय अनुशासन आयोगको अध्यक्षमा केशव वडाल निर्वाचित हुनुभएको छ । यही मङ्सिर १० गतेदेखि चितवनको सौराहामा सुरु महाधिवेशनमा गए राति भएको मतदानमा ओलीका प्रतिस्पर्धी डा भीमबहादुर रावलले दुई सय २३ मत प्राप्त गर्नुभएको थियो । विद्युतीय भोटिङ मेसिनका आधारमा गरिएको मतदान र गणनाका करण छिट्टै परिणाम निस्किएको हो । महाधिवेशनको बन्दसत्रको पहिलो दिन यही मङ्सिर ११ गते अध्यक्ष मण्डलका अध्यक्ष ओलीलाई ३०१ सदस्यीय केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यका उम्मेदवारको नामावली प्रस्तुत गर्न अधिकार दिएको थियो। अध्यक्ष ओलीले विभिन्न नेताहरुसँगको परामर्शमा १२ गतेको बन्दसत्रमा नामावली प्रस्तुत गर्दा अधिकांशले सहमति जनाएकामा डा रावल, नेता घनश्याम भुसाललगायतका नेताले अस्वीकार गरेपछि निर्वाचन भएको हो।

## औद्योगिक व्यवसाय नीति ल्याउँछौं : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशको उद्योग व्यवसायलाई व्यवस्थित गर्दै आर्थिक स्तरोन्नतिका लागि औद्योगिक व्यवसाय नीति ल्याउन लागिएको बताएका छन् ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ गण्डकी प्रदेशको दोस्रो अधिवेशन तथा पाँचौं साधारणसभा एवं महिला उद्यमी सम्मेलन पोखरामा मंगलबार उद्घाटनमा मुख्यमन्त्री पोखरेलले यसका लागि सरोकारवालासँग सल्लाह गरेर अगाडि बढ्ने बताए। प्रदेशमा ठूला उद्योगको सम्भावना नभए पनि ससाना घरेलु उद्योगलाई नै प्रोत्साहन गर्ने सरकारको नीति



भएको उल्लेख गरे।

कोरोनाका कारण प्रदेशको उद्योग व्यवसाय ठप्प रहेकाले व्यवसायीलाई थोरै भए पनि राहत होस भने व्यवसाय जीवन रक्षा कोष सञ्चालनमा ल्याएको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, ' अघिल्लो सरकारले नै थालेको यो कार्यक्रम सोचे अनुसार त सफल भएको छैन, तर यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर छलफल गरिरहेका छौं ।'

कार्यक्रममा महासंघका अध्यक्ष श्याम गिरीले घरेलु उद्योगलाई जहिले पनि पुँजीकै अभाव हुने बैंक तथा वित्तीय संस्था पनि लगानीका लागि हिचकिचाउने गरेको भनाइ राखे । उनले भने, 'लघु तथा घरेलु उद्योगसम्म पुँजीको पहुँच पुऱ्याउन ३ तहकै सरकारले पहल गर्नुपर्ने हुन्छ ।' महासंघ गण्डकी प्रदेशका अध्यक्ष हरिहर थापाले प्रदेश सरकारले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा बस दुर्घटनामा परी चालकको मृत्यु, ८ जना घाइते

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

कास्कीमा यात्रु बाहक बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका ३ पाउदुर घुम्ती स्थित पोखरा बागलुङ सडकखण्डमा बागलुङ तर्फ जार्दै गरेको लु१ख ७७६६ नम्बरको बस चालक भूपनाथ खनाल(भुपेन्द्र) को मृत्यु भएको कस्की प्रहरीले जनाएको छ।

उक्त बस दुर्घटनामा परी ८ जना घाइते भएका छन् । उनीहरु हाल खतरा मुक्त भएको कास्की प्रहरी प्रवक्ता (डिएसपी) सुन्दर तिवारीले बताए ।भैरहवाबाट बागलुङ तर्फ जार्दै गर्दा मंगलबार बिहान करिब ६:५० बजे बस दुर्घटनामा परी पाल्पा घर भएका ४५ बर्षीय बस चालक खनालको पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा उपचारकै क्रममा बिहान ९:०० बजे मृत्यु भएको उनले जनाए । उक्त दुर्घटना हुन साथ प्रहरी सहितको स्थानियको टोलीले उनलाई बसमा च्यापिएको अबस्थाबाट उद्धार गरी अस्पताल पुऱ्याइएको उनले जनाए।

उक्त बस दुर्घटनामा परी घाइते हुनेहरुमा बागलुङ ६ लहरे पीपल बस्ते २९ बर्षका शिवराम शर्मा, बालगुङ ठुलढुंगा बस्ते ४८ बर्षका कृष्ण खड्का, बालगुङ १४ बलेवाका २५ बर्षीय राजु श्रेष्ठ, राजुकै बाबु ८५ बर्षीय उमलाल श्रेष्ठ, बागलुङ आवारोडकी ४२ बर्षीया सुवर्णा सापकोटा, पर्वत फलेवास ४ का ३५ बर्षीय सुर्य तिवारी, चितवन भरतपुर ३ राम्जाली मार्गका २३ बर्षीया साधना उपाध्याय, र अन्नपुर्ण गाउँपालिका ३ पाउदुर बस्ने माया बि.क.रहेकी छन्। उनीहरुको हात, खुट्टा, टाउको र शरीरमा चोट भएको डिएसपी तिवारीले जनाए । उनीहरुको फिस्टेल र गण्डकी मेडिकल कलेजमा उपचार भएको छ। उक्त घटनाको बारेमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

## प्रदेश बैंक आवश्यक: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले गण्डकी प्रदेशमा प्रादेशिक बैंक आवश्यक भएको बताउनु भएको छ।

प्रदेशको वित्तिय कारोवार गर्दा संघिय बैंक मातहातमा काम गर्दा कठिनायी भएकोले प्रदेशको भुगोल र अबस्था अनुसारको बैंक नै आवश्यक भएको बताउनु भएको हो । गण्डकी प्रदेशको अर्थ मन्त्रालयले आन्तरिक राजश्व संकलनमा निजी क्षेत्रको भूमिका बिषयक मंगलबार भएको छलफल कार्यक्रममा बोल्दै मन्त्री बरालले व्यवसायीक जीवन रक्षाकोष प्रभावकारी बनाउन आवश्यक परेमा ऐन संसोधन गर्ने बताउनु भयो। केही न केही नतिजा दिने गरी निजी क्षेत्रले दिएको सुझावलाई मनन गर्ने उहाँले बताउनु भयो । दोश्रो




चौमासिकको अन्तिम समयसम्म कार्यक्रम कार्यान्वयन नहुने सम्भावना भएमा रकमान्तर गर्न प्रदेश सरकार बाध्य हुने मन्त्री बरालले चेतावनी दिनुभयो।

नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले गण्डकी प्रदेशमा आर्थिक गतिविधि कम भएको बताउनु भयो । कर्जा प्रवाहमा ७.५ प्रतिशत मात्र भएको उहाँको भनाई छ। लगानी बढाउनु पर्ने, रोजगार सृजना गर्नुपर्ने, आम्दानी बढाउनु पर्ने मुल्मीको भनाई थियो। प्रदेश सरकार संघिय सरकारको दास नभएको उहाँको भनाई थियो । अर्थ मन्त्रालयले धेरै गृहकार्य गरी धेरै आर्थिक कृयाकलाप हुने स्थानमा संघिय सरकारसंग माग गर्नूपर्ने उहाँको भनाई थियो । नेपालको पर्यटनको ४ नम्वरमा पुगेको पूर्व अध्यक्ष मुल्मीको भनाई छ। राज्यको स्वरुप परिवर्तन गरी संघिय सरकारलाई दबाब दिन सक्नुपर्ने पूर्व अध्यक्ष मुल्मीले बताउनु भयो। संघिय संरचनाको हडल कर्मचारी तन्त्र समेत भएको उहाँले बताउनु भयो । श्रोत परिचालन गर्न सक्नुपर्ने मुल्मीले बताउनु भयो। संघिय सरकारले अधिकार प्रत्यायोजन गर्न सक्नु पर्ने उहाँको भनाई थियो । न्यायको लागि सशक्त प्रतिपात गर्नुपर्ने मुल्मीले जनाउनु भयो । एक अंकको सङ्ख्यामा व्याजमा लगानीको वातावरण गर्न पहल गर्नु पर्ने उहाँले बताउनु भयो । अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले यस चालु आर्थिक बर्षमा प्रदेश सरकारले ५ अर्ब आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य अनुरुपको राजश्व संकलन गर्ने अभियानमा निजी क्षेत्रसंगको सफलफल कार्यक्रम गरिएको बताउनु भयो । पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्राईले धेरै व्यवसयायीहरु पलायन हुने अबस्थामा पुगेकोले अब बैंक तथा वित्तिय संघ संस्थालाई सरकारले आफ्नो मातहातमा राख्नुपर्ने बताउनु भयो । फेवाताल वरिपरी फुटट्

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पुनर्निर्मित ऐतिहासिक राजाको चौतारा उद्घाटन

**पोखरापत्र संवाददाता**
**गण्डकी, १४ मंसिर**

शान्ति सम्झौता र सहअस्तित्वको केन्द्रका रुपमा परिचित पोखरा महानगरपालिका वडा नं ३२ स्थित ऐतिहासिक राजाको चौतारा पुन:निर्माण गरी मंगलबार उद्घाटन गरिएको छ।

इतिहासका आधारमा नेपालका बाइसेचौबीसे राजाका पालामा यही चौतारामा बसेर एकापसमा झैझगडा नगर्ने, शान्ति र सहअस्तित्व कायम गर्ने सम्झौता गरिएको थियो। स्थानीय पहल एवं नेपाली सेनाको सहयोगमा पुन:निर्मित चौताराको प्रधानसेनापति प्रभुराम शर्माले उद्घाटन गर्नुभयो । उहाँले चौतारालाई पर्यटन प्रवर्द्धन, शान्ति, सहअस्तित्वको प्रतीक र अन्तर्राष्ट्रिय सम्पदा सूचीमा राख्न आफू आतुर भएको बताउनुभयो।

ऐतिहासिकस्थलको विकासका लागि सहकार्य गर्न आफू सदैव तयार रहेको बताउँदै उहाँले आगामी दिनमा पनि यस ऐतिहासिकस्थलको संरक्षण र प्रवर्द्धनमा सदैव लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले ऐतिहासिक राजाको चौतारालाई विश्वसामु चिनाउन सबै लाग्नुपर्ने धारणा राख्नुभयो । संस्कृतिविद् एवं नेपाल राष्ट्रिय प्रज्ञापतिष्ठानका उपकुलपति डा जगमान गुरुङले गण्डकी प्रदेश र नेपालकै पर्यटकको मुख्य आकर्षको ऐतिहासिक स्थल राजाको चौतारा रहेको बताउनुभयो।

तत्कालीन यस क्षेत्रका बाह्र राजाले कास्कीको मालमूलमा भेटेर सम्मेलन गरी आपसमा लडाइँभिडाइँ नगर्ने, आआफ्नो साँध सिमानामा मिलेर बस्ने,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## VACANCY ANNOUNCEMENT

**Presidential Immigration Pvt. Ltd. (Pokhara)** is seeking for smart professional and experienced candidates for following posts.

**1. Front Desk Officer**
**Qualification:** Minimum +2

**2. Manager**
**Qualification:** Minimum Bachelor completed

**3. Counselor**
**Qualification:** Minimum Bachelor completed

**4. Server and Cook**
Experience in related field

**Salary:** Attractive and Negotiable

**Email your CV at : psdimmigration.pkr@gmail.com**
**Office Location: Jarebar-6, Lakeside, Pokhara, Nepal**

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।
– स्वटेमार्डन

## सम्पादकीय

# एमालेमा फेरि ओली

नेकपा एमाले महाधिवेशनका प्रतिनिधिले केन्द्रीय कमिटी चयन गर्ने अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई दिएको थियो । महाधिवेशनका प्रतिनिधिले दिएको अधिकार प्रयोग गर्दै ओलीले सबै पक्षलाई मिलाएर केन्द्रीय समिति र पदाधिकारीको सूची पेश गरेका थिए । उनले तयार पारेको सूचीलाई महाधिवेशनको बन्दसत्रमा वाचन गरिएको थियो । जसलाई पछि निर्वाचन प्रक्रियाले औपचारिकता दिइएको छ । दसौं महाधिवेशनका प्रतिनिधिले दिएको र आम कार्यकर्ताको भावना विपरित चुनावको रटान लगाउने भिम रावल पराजित भएका छन ।

रावलले कार्यकर्ताको भावना बुझ्न नसक्दा नवौ महाधिवेशनमा उपाध्यक्षमा सबैभन्दा धेरै मत ल्याउने पनि पराजित हुन्छन् भन्ने हो । पार्टी प्रति बफादारहरू रहेको केन्द्रीय कमिटी र पदाधिकारी रहेको नेतृत्व चयन भएको छ । विगतमा केन्द्रीय कमिटीमा रहेकाहरूलाई पनि समेटिएको छ । पार्टीमा अराजक क्रियाकलाप गर्न हुँदैन भन्ने मान्यताको विजय भएको छ । आफ्नो टिम चयन गर्ने सर्वाधिकार प्रतिनिधिबाट पाएका ओलीले वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेललाई राखे । अन्तिम समयसम्म पनि उक्त पदमा उम्मेदवारी दिने अडान लिएका सुवासचन्द्र नेम्वाङलाई नसोधिकनै पोखरेललाई उक्त पदमा रोजियो । नेम्वाङसहित रामबहादुर थापा, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, विष्णु पौडेल र सुरेन्द्र पाण्डेलाई उपाध्यक्षको जिम्मेवारी तोके । जसको निर्वाचनबाट अनुमोदन भयो ।

महासचिवमा शंकर पोखेल, उपमहासचिव प्रदिप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णुप्रसाद रिमाल निर्विरोध निर्वाचित भए । सचिवमा गोकर्ण बिष्ट योगेश भट्टराई, टोप बहादुर रायमाझी, लेखराज भट्ट, छविलाल विश्वकर्मा, रघुबीर महासेठ र पद्मा अर्याल निर्वाचित भएका छन । केन्द्रीय कमिटीमा अध्यक्ष ले पेश गरेका नै निर्वाचित भएका छन । एमालेका नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीले अब तीन महिनासम्म एकीकरण अभियान सञ्चालन गर्ने घोषणा गरेका छन् । यस्तो एकीकरण अरु पार्टीसँग नभएर कार्यकर्ताहरुको हुने उनको भनाइ छ । पार्टीका निर्वाचित केन्द्रीय सदस्यहरुको सपथग्रहण समारोहपछि ओली अब एमालेमा अरु पार्टीका कार्यकर्ता प्रवेश गराउने अभियान चलाइने बताए । यश अघि पनि पार्टी प्रवेश गर्ने थिए ।

पार्टी-पार्टी भेला गरेर हुँदैन, कार्यकर्ता भेला गर्नुपर्छ । विभिन्न पार्टीबाट कार्यकर्ता एमाले प्रवेश गराउने अभियान सिर्जना गरेर पार्टीलाई माथि उठाउने योजना छ । एमालेको १० औं केन्द्रीय कमिटीले ओलीको योजनालाई सघाउने कार्यक्रम ल्याउने कार्यकर्ताको अपेक्षा छ । पहिलो कार्यकालमा विभिन्न उल्झन ब्यहोरेका ओलीले दोस्रो कार्यकाल सहजरूपमा चलाउने म्याण्डेट पाएका छन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : झमेला बड्ने | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कांग्रेश महाधिवेशन बागलुङमा शेरचन विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ,१४ मंसिर**

नेपाली कांग्रेस बागलुङको सभापतिमा जीतबहादुर शेरचन विजयी हुनुभएको छ ।

कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत जिल्ला सभापतिका लागि आइतबार मतदान भएको थियो । केहीबेर अघि सार्वजनिक मत परिणामअनुसार शेरचन ८१८ मत ल्याएर विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिद्वन्द्वी जगदीशचन्द्र उपाध्यायले ७२४ मत ल्याउनुभएको प्रमुख निर्वाचन अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । शनिबार भएको मतदानमा तीन उम्मेदवारमध्ये कसैले पनि ५१ प्रतिशत मत नल्याएपछि अर्का प्रत्यासी द्रोर्ण कँवर निर्वाचनबाट बाहिरिनुभएको थियो । त्यसपछि शेरचन र उपाध्यायबीच पुनः प्रतिस्पर्धा भएको हो । यस्तै जिल्ला उपसभापतिमा सागर छन्त्याल र तारानाथ पौडेल विजयी हुनुभएको छ । छन्त्यालले ७८७ र पौडेलले ७४७ मत प्राप्त गर्नुभयो । सचिवमा हरिहर शर्मा र गण्डकी थापा अधिकारी निर्वाचित हुनुभएको छ । शर्माले ९०८ र अधिकारीले ७०७ मत प्राप्त गर्नुभयो । सहसचिवमा फमबहादुर खत्री र ज्ञानकुमारी शर्मा श्रीष विजयी हुनुभयो । खत्रीले ८५५ र श्रीषले ८८० मत प्राप्त गर्नुभयो ।

# पावर हाउसमा रामेश्वर युवा क्लब गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**



सामाजिक काममा सक्रिय रहन र युवाहरुको क्षमता अभिवृद्धि गर्न पोखरा महानगरपालिका १७ पावर हाउसमा नयाँ क्लब गठन भएको छ ।

सोमबार सम्पन्न एक भेलाले गणेश दुङ्गानाको अध्यक्षतामा रामेश्वर युवा क्लबको तदर्थ समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा शम्भु बराल, सचिवमा नवराज आचार्य, कोषाध्यक्षमा ध्रुव अधिकारी र सहसचिवमा माधव भण्डारी रहनुभएको छ । त्यस्तै समितिको सदस्यहरुमा मोति बहादुर कार्की, नारायण कार्की, आश कुमार गुरुङ, गोविन्द बहादुर शाही, अप्सरा गोदार र लक्ष्मी जिसी अधिकारी रहनुभएको छ ।

पोखरा १७ पावर हाउसमा स्थापना भएको यस क्लबले सामाजिक उत्तरदायित्व बहन गर्दै समाज निर्माणमा भुमिका खेल्न विभिन्न कृयाकलाप गर्ने उपाध्यक्ष शम्भु बराLले जानकारी दिनुभयो । युवाको शारिरिक मानसिक र व्यवसायिक क्षमता विकास गर्न र युवाहरुको जोश जाज्गरलाई समाजको विकासका निम्ति प्रयोग गर्न आफुहरुले विभिन्न कार्यक्रम संचालन गर्ने योजना बनाएको उहाँको भनाई रहेको छ ।

# सडकमा कलोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ,१४ मंसिर**

कुश्मीशेरा-बरेङ-शान्तिपुर सडकअर्न्तगत जैमिनी नगरपालिका-१० राङ्खानीदेखि बरेङ गाउँपालिका-१ चित्रेसम्मको सडक कालोपत्र गर्न थालिएको छ ।

गण्डकी प्रदेश सरकारको पालिका मुकाम जोड्न सडक कालोपत्र गर्ने योजनाअन्तर्गत यो सडकको ११ किलोमिटर खण्डको काम सुरु भएको हो । दुई वर्षमा कालोपत्रको काम सक्नेगरी सडक स्तरोन्नतिको जिम्मेबारी पाएको निर्माण कम्पनीले काम थालेको छ ।

चालू आर्थिक वर्षमा सम्झौता भएको उक्त सडकलाई पहिलो चरणमा फराकिलो बनाउ थालिएको निर्माण कम्पनी रौताहा खानी धुलिखेल जेभी कन्ट्रक्सनका साइट इन्चार्ज खेमराज सुवेदीले जानकारी दिनुभयो । "अहिले छ वटा उपकरणले खन्ने काम गरिरहेका र आवश्यक गिट्टी, कङ्क्रिट तयार गर्ने काम भइरहेको छ" उहाँले भन्नुभयो "मजदूर आइपुगेका छन्, अब मजदूरले गर्ने काम सुरु हुन्छ ।" बरेङलाई सदरमुकामबाट प्रदेशको राजधानीसँग जोड्ने छोटो दूरीको सडक भएकाले समयमै निर्माणको काम सक्न दबाब छ । विसं २०५४ मा नक्शाङ्कन गरिएको यो सडकको १५ वर्षअघि ट्याक खुलाइएको थियो । बागलुङको मालढुङ्गादेखि कुश्मीशेरा खण्डमा विभिन्न क्लस्टरमा काम भइरहेको छ । कुश्मीशेरा, देवलधारा १० किमी खण्ड स्तरोन्नति तथा कालोपत्रको ३५ प्रतिशत सम्पन्न भएको छ । म्याद थप भएकाले यो खण्ड र देवलधारादेखि नम्दुकहुँदै चित्रे खण्ड तयार हुँदा बरेङलाई जोड्न सहज हुने गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो । 'हामीले काम गर्दा आइपर्ने बाधा हटाउन सहजीकरण गरिरहेका छौँ, समयमै काम थाल्न र समयमै सक्न भनेका छौँ' उहाँले भन्नुभयो,"यो बरेङका लागि अत्यावश्क सडक हो ।" सडक फराकिलो र कालोपत्र हुँदा बरेङको आर्थिक विकासमा सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ । प्रदेश सरकारको योजना भए पनि गाउँपालिकाले सडकको काममा चासो दिएको हो । गाउँपालिकाकै स्रोतमा बरेङ बजारमा गत आर्थिक वर्षमा कालोपत्र भएको सडक बाहेक यो सडक नै बरेङको पहिलो कालोपत्र सडक हुने छ ।

चित्रेदेखि पालिका मुकाम रहेको सुदाला र पालिका मुकामदेखि छिमेकी जिल्ला गुल्मीको शान्तिपुरसम्मको सडक कालोपत्रकालागि समेत पहल भइरहेको छ । गत आर्थिक वर्षमा पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकाले पालिका मुकामदेखि शान्तिपुर सडकको केही खण्ड फराकिलो बनाएको थियो ।

# कांग्रेस नेता जोशीद्वारा गण्डकी प्रदेश सभापतिमा उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

नेपाली कांग्रेसका नेता अर्जुनप्रसाद जोशीले नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गण्डकी प्रदेश सभापतिमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ ।

पोखरामा मंगलबार उम्मेदवारी घोषणा गर्दै उहाँले गण्डकी प्रदेशमा पार्टी सङ्गठन बलियो बनाउन, कांग्रेसको पहिचन राख्न सक्ने उम्मेदवार बन्न साथीहरूले आग्रह गरेकाले अगाडि बढेको बताउनुभयो ।

कांग्रेसको अधिवेशन केवल पार्टीका लागि मात्र नभई नेपालको राष्ट्रियतालाई बलियो बनाउनुको साथसाथै जनताको अधिकार स्थापित गर्नका लागि कोसेढुङ्गा सावित हुनुपर्ने उहाँले बताउनुभयो । अधिवेशन कसैको जित हारभन्दा पनि कांग्रेसलाई जनताको पार्टी बनाउने र जनताको बीचमा स्थापित गराउने अभियानमा रहेको उहाँले स्पष्ट पार्नुभयो ।

पर्वतमा लामो समय पार्टी सभापतिको जिम्मेवारी सम्हालेका पूर्वसांसद जोशी हाल नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुनुहुन्छ ।

# प्रधानसेनापति शर्माद्वारा बाहिनीको निरीक्षण

**पोखरापत्र संवाददाता**
**दमौली, १४ मंसिर**

प्रधानसेनापति प्रभुराम शर्माले तनहुँको खैरेनीटारस्थित श्री नम्बर ३ बाहिनीको निरीक्षण गर्नुभएको छ ।

मध्यकमाण्डअन्तर्गतका हिमाली र उच्च पहाडी इलाकामा अवस्थित युनिटको भ्रमणको सिलसिलामा प्रधानसेनापति शर्माले मंगलबार खैरेनीटारस्थित बाहिनीको निरीक्षण गर्नुभएको हो ।

सो क्रममा प्रधानसेनापति शर्माले बाहिनीमा तैनाथी फौजको वर्तमान अवस्था, जिम्मेवारी इलाकामा कमाण्ड अवधारणाको कार्यान्वयनसम्बन्धी प्रगति तथा सामूहिक तालिम सञ्चालनको अवस्थालगायत विषयमा जानकारी लिनुभएको छ । साथै शर्माले सकलदर्जालाई सम्बोधनसमेत गर्नुभएको थियो ।

प्रधानसेनापति शर्माले तीन दिनदेखि मध्यकमाण्ड हेडक्वाटरअन्तर्गतका विभिन्न युनिटको निरीक्षण गर्नुभएको नेपाली सेनाले जनाएको छ ।

शर्माले मनाङस्थित गुल्म, मुस्ताङको जोमसोमस्थित श्री नम्बर २३ बाहिनी अड्डा र बागलुङस्थित गुल्मको निरीक्षण भ्रमण गर्नुभएको छ ।

# बन्दीपुरलाई मासु र दूधमा 'हब' बनाइँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ मंसिर**

बन्दिपुर गाउँपालिकाले गाउँपालिकालाई मासु र दूध क्षेत्रमा 'हब' बनाउने गरी पशुपालन व्यवसायलाई प्राथामिकता दिएको छ ।

गाउँपालिकाले पशुपालन किसानलाई प्रोत्साहन गर्न दूध तथा मासुमा अनुदानका कार्यक्रमलाई प्राथमिकता दिएको र पाँच वर्षभित्र आत्मनिर्भर बनाउने लक्ष्यसहित बन्दिपुर-१ नहालामा पशुपक्षी विकास शाखाको भवन निर्माण गरेर सेवा दिन थालेको छ ।

स्थानीयवासी छलिमाया श्रेष्ठले करिब रु एक करोड मूल्य बराबरको उन्नाइस आना जग्गा निःशुल्कः उपलब्ध गराएपछि नेपाल लाइभस्टक सेक्टर इनोसेसन (एनएलएसआइपी) को सहयोगमा रु एक करोडको लागतमा उक्त भवन निर्माण गरिएको हो ।

गाउँपालिकाले दूध प्रतिलिटर एकरुपैयाँ अनुदान दिनाका साथै मासु उत्पादनमा पनि प्रोत्साहनका लागि अनुदान दिने तयारी गरेको छ । यस भवनबाट पशुपालन किसानलाई दिइने सेवा, उत्पादन वृद्धि, पशुमा कृत्रिम गर्भाधान, प्रयोगशाला, प्राविधिक सुझाव, घाँसको बिरुवा वितरण र आवश्यक सिफारिस दिन सहज भएको पशुपक्षी विकास शाखाका प्रमुख मधुविलास न्यौपानेले जानकारी दिनुभयो ।

उक्त भवनबाट सेवा प्रवाह गर्न थालेसँगै गाउँपालिकाका व्यावसायिक पशुपालन किसानलाई थप प्रोत्साहन गर्न सहज भएको उहाँले बताउनुभयो । व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्न थालेकाले यसतर्फ उनीहरूको आर्कषण बढ्दै गएको हो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
वि. स. १९९२/04/१२ गते



स्वर्गारोहणः
वि.स. २07८/03/0८ गते

**स्व. नरमती गुरुङ**

स्याङ्जा जिल्ला साविकको पेल्काचौर गा.वि.स. वडा नं. ६ तथा पुतली बजार नगरपालिका वडा नं. १२ तामाटोल घर भई हाल पो.म.न.पा. वडा नं. ७ घारीपाटन राधाकृष्ण मार्ग निवासी यस 5/4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका सक्रिय आजिवन सदस्य ह. निल बहादुर गुरुङको पुजनीय पिताजीको यस अघि नै वि.स.२०७३/१०/२६ मा ९२ वर्ष ३ महिना ५ दिनको आयूमा स्व.मोती बहादुर गुरुङको तथा ममतामयी माता **नरमती गुरुङ** को पनि ८६ वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको दुवै जनाको पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नायक जित बहादुर गुरुङ**
**सचिव**

**तथा**

**क्या. राम प्रसाद गुरुङ से. मे.**
**अध्यक्ष**

**सम्पूर्ण 5/4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**

# जीवनशैली परिवर्तन तथा योग प्रशिक्षणबाट लाभ

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ मंसिर**

गलकोट नगरपालिका–७ मल्ममा दुई दिनसम्म चलेको जीवनशैली परिवर्तन तथा योग प्रशिक्षणबाट सर्वसाधारणले लाभ उठाएका छन् ।

'अपनाऔँ आयुर्वेदीय जीवनशैली र दैनिक ४८ मिनेट योग, रहौँ स्वस्थ, रोकथाम तथा नियन्त्रण हुन्छ रोग' नारासहित सञ्चालित प्रशिक्षणमा एक सयभन्दा बढी सहभागी थिए । स्थानीय घुम्टे युवा परिवारसँगको सहकार्यमा धवलागिरि आयुर्वेद औषधालयले आयोजना गरेको उक्त प्रशिक्षणमा औषधालयका आयुर्वेद चिकित्सक एवं योग प्रशिक्षक सरोजकुमार रायले योग र ध्यानका बारेमा प्रशिक्षित गर्नुभएको थियो । रायले योगका विभिन्न आसनको अभ्यास र विधि सिकाउनुभएको थियो । सो अवसरमा चिकित्सक रायले शारीरिक र मानसिक दृष्टिबाट मानिस स्वस्थ रहन योग विज्ञान फलदायी रहेको बताउनुभयो । मन, आत्मा र शरीरलाई योग, ध्यान र साधनाको माध्यमबाट जोड्न सके मात्र मानव जीवन स्वस्थ, खुशी र आनन्दमयी बन्ने उहाँको भनाइ थियो ।

प्रशिक्षणमा ज्येष्ठ नागरिक बढी सहभागी थिए । सहभागीलाई उच्च रक्तचाप, मधुमेह र बाथरोगमा प्रयोग हुने आयुर्वेदिक औषधिसमेत वितरण गरिएको थियो । पछिल्लो समय खानपान, तनाव, चिन्ता इत्यादि कारणले मानिसमा शारीरिक तथा मानसिक स्वास्थ्यको समस्या बढ्दै गएकाले त्यसको न्यूनीकरणमा टेवा पुगोस् भन्ने उद्देश्यले योग प्रशिक्षण दिइएको घुम्टे युवा परिवारका अध्यक्ष थम्मन थापाले बताउनुभयो ।

प्रशिक्षण शिविरका लागि संस्थाका पूर्वउपाध्यक्ष एवं नेपाल भलिबल सङ्घ जापानका सदस्य तुलवीर थापाले आर्थिक सहयोग गर्नुभएको थियो । योगसँगै आयुर्वेद चिकित्साको महत्वबारे सर्वसाधारणलाई बुझाउन प्रशिक्षणलाई अभियानकै रूपमा जिल्लाभर सञ्चालन गर्ने योजना रहेको औषधालय व्यवस्थापन समितिका सदस्य ललिता थापाले बताउनुभयो । प्रशिक्षणका लागि वडा कार्यालयले स्थानीयरूपमा समन्वय गरेको थियो ।

# नेपालमा एचआइभी/एड्सको सङ्क्रमण दर घट्दो

**रासस**
**काठमाडौं, १४ मंसिर**

नेपालमा एचआइभी एड्स सङ्क्रमण दर घटेको एक अध्ययनले देखाएको छ । विगत १० वर्षको तथ्याङ्क हेर्दा सङ्क्रमण दर घटेको अध्ययनले देखाएको हो ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा आज यहाँ आयोजित 'नेपालमा एचआइभी र एड्सको अवस्था' विषयक अन्तर्क्रिया कार्यक्रममा १० वर्षको अन्तरमा सङ्क्रमण दर ६३ प्रतिशतले घटेको केन्द्रका निर्देशक डा सुधा देवकोटाले जानकारी दिनुभयो । 'असमानता हटाऔं एड्स अन्त्य गरौं' भन्ने मूल नाराका साथ ३४औँ विश्व एड्स दिवस भोलि मनाइँदै छ ।

यस्तै सन् २०१० मा २१५ जना बालबालिकामा सङ्क्रमण रहेकामा सन् २०२० मा पुग्दा ८० बालबालिमामा मात्र रहेको पाइएको छ । यस्तै सन् २०१० मा एड्सका कारणले एक हजार ४१३ जना मानिसको निधन हुने गरेकोमा त्यो सङ्ख्या सन् २०२० मा पुग्दा ६३६ जनामा झरेको छ ।

उहाँले सरकारले एचआइभी र एड्स नियन्त्रणमा चालेका उपायले सङ्क्रमण दर घटेको बताउनुभयो । उहाँका अनुसार सन् २०१० मा दुई हजार ६१ जना नयाँ सङ्क्रमित पाइएकोमा सन् २०२० मा ७५४ जना मात्र पाइएको छ । नियमित उपचार, हेरचाह तथा सहयोग कार्यक्रमले एचआइभीमा सङ्क्रमणमा नियन्त्रण भइरहेको छ । सरकारले एचआइभी सङ्क्रमण रोकथामका लागि कण्डम प्रयोग प्रवर्द्धन, एचआइभी परामर्श र परीक्षण, यौन रोगको निदान र उपचार, एन्टी-रेट्रोभाइरल (एआरभी) सेवा प्रदान गरिँदै आइरहेको छ । नेपालमा अहिले एचआइभी सङ्क्रमितलाई ६१ जिल्लामा ८३ वटा एआरभी सेवा प्रदान गरिँदै आइरहेको छ । अहिले २० हजार ८८३ जनाले नियमित एआरभी सेवा औषधि सेवन गर्ने उहाँले बताउनुभयो । यो सङ्ख्या कूल सङ्क्रमितको ६९ प्रतिशत हो ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिल शर्माले सन् २०२० को अन्त्यसम्म नेपालमा करिब ३० लाख ३०० सङ्क्रमित रहेको जानकारी दिनुभयो । उहाँका अनुसार सङ्क्रमितमध्ये ०.१३ प्रतिशत व्यस्कमा सङ्क्रमण रहेको छ । नेपालमा एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआइभी सङ्क्रमण दर ५ प्रतिशत भन्दाबढी र सामान्य जनसङ्ख्यामा एचआइभी सङ्क्रमण दर एक प्रतिशत भन्दा कम रहेको छ । यस्तै सुईद्वारा लागुऔषध प्रयोग गर्नेमा तीन प्रतिशतका दरले सङ्क्रमण रहेको पाइएको छ । यस्तै महिला यौनकर्मीमा २.२ प्रतिशत, पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा कामदार नेपालीमा पश्चिममा ०.३ प्रतिशत र सुदूरपश्चिममा ०.६ प्रतिशत सङ्क्रमण पाइएको छ ।

सरकारले २०३० सम्ममा नेपालमा एचआइभी तथा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्य राखेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. १९९२/०४/१२ गते

स्वर्गारोहणः वि.स. २०७८/०३/०८ गते

**स्व. नरमती गुरुङ**

स्याङ्जा जिल्ला साविकको पेल्काचौर गा.वि.स. वडा नं. ६ तथा पुतली बजार नगरपालिका वडा नं. १२ तामाटोल घर भई हाल पो.म.न.पा. वडा नं. ७ घारीपाटन राधाकृष्ण मार्ग निवासी यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका सक्रिय आजिवन सदस्य ह. निल बहादुर गुरुङको पुजनीय पिताजीको यस अघि नै ९२ वर्ष ३ महिना ५ दिनको आयुमा वि.स.२०७३/१०/२६ मा मोती बहादुर गुरुङको तथा ममतामयी माता **नरमती गुरुङ** को पनि ८६ वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको दुवै जनाको पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ले. चित्र प्रसाद बराल**
**सचिव**

**सु. राम प्रसाद गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**

# अझै पुनः निर्माण भएन भूकम्पले चर्किएको भवन

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ मंसिर**

भूकम्पले चर्काएर उच्च जोखिमको सूचीमा परेको एक सरकारी भवन भूकम्प गएको ६ वर्ष बित्दासमेत पुनःनिर्माण सुरु भएको छैन ।

भूकम्पपछिको प्राविधिक मूल्याङ्कनमा रातो स्टिकर टाँसेको भवन प्राविधिक हिसाबले तत्कालै छोड्नुपर्ने हुन्छ । तर २०७२ सालको भूकम्पपछि रातो स्टिकर टाँसेको भवनबाट हालसम्म उक्त कार्यालयले सेवा दिइरहेको छ । भूकम्पपछि सरकारले अधिकांश कार्यालय र घरहरू पुनःनिर्माण गरिसकेको भए पनि उच्च अदालत पोखरा बागलुङ इजलासले त्यही रातो स्टिकर टाँसेको भवनबाट न्याय सेवा दिइरहेको छ ।

काठ र इँटाबाट बनेको उच्च अदालतको भवन भूकम्पका कारण चर्किए पनि अदालतले न्याय सम्पादनको विकल्प नपाउँदा जोखिमयुक्त भवनबाट न्याय सेवा दिइरहेको छ । अहिले अदालतको प्राङ्गणमा इजलास निर्माण गरेको छ भने अन्य सेवा जीर्ण भवनबाटै दिइरहेको छ ।

अदालतको भवन निर्माणका लागि लामो समय बजेट विनियोजन हुन नसक्दा अहिलेसम्म जोखिम मोलेरै सेवा दिइरहेको छ । सरकारले बल्ल उच्च अदालतको भवन पुनःनिर्माणका लागि यो आर्थिक वर्षमा बहुवर्षे योजनामा समावेश गरेको उच्च अदालत पोखरा बागलुङ इजलासले जनाएको छ । विसं २०७२ को भूकम्पले चर्काएर रातो स्टिकर टाँसेको उच्च अदालत पोखरा बागलुङ इजलासको भवन बनाउन ढिलो गरी निर्माणको प्रक्रियामा पुगेको भए पनि अदालतलाई कहाँ सार्ने भन्ने विषयमा समस्या भएको उच्च अदालत पोखरा बागलुङ इजलासका रजिष्ट्रार नेत्रप्रसाद भुसालले जानकारी दिनुभयो । "अस्थायी टुसको छाप्रोमा दुई इजलास बनाएर काम चलाएका छौँ, जीर्ण भवनमा तीन इजलास थिए, भवनको उपल्लो तला चर्किएकाले खाली गरेका छौँ, तर तल्लो तलाबाट बाध्यात्मक भएर सेवा प्रवाह भइरहेको छ," रजिष्ट्रार भुसालले भन्नुभयो, "अहिले भवन निर्माणको प्रक्रिया अगाडि बढेर बजेटसमेत विनियोजन भएको छ तर अदालते भवन बन्दासम्म सेवा दिने स्थान खोज्नै सकस भएको छ ।"

अहिले अदालत भइरहेको भवनमा नयाँ भवन बनाउनका लागि भूकम्प गएको ६ वर्षपछि बहुवर्षे योजनाअन्तर्गत रु चार करोड विनियोजन भइसकेको छ । तर भवन निर्माण नहुन्जेल अदालतले कहाँबाट सेवा दिने भन्ने अन्योल रहेको उच्च अदालत पोखरा बागलुङ इजलासका मुख्य न्यायाधीश द्वारिकामान जोशीले बताउनुभयो । "आवासको व्यवस्थापन त भाडाको घरबाट गरौँला तर न्याय सम्पादनका लागि इजलास निर्माण गर्न ठूलो कोठा चाहिन्छ त्यस्तो उपयुक्त घर खोजिरहेका छौँ," मुख्य न्यायाधीश जोशीले भन्नुभयो, "भवन बनाउन दुई वर्ष जति लाग्ला त्यति समयका लागि न्याय सम्पादन झनै समस्याका बाबजुद दिनुपर्ने अवस्था छ ।" नयाँ भवन अत्याधुनिकसहित ६ वटा इजलाससहितको हुने जोशीको भनाइ छ । अहिले भवनका लागि नक्सा फाइनलको तयारीमा रहेको छ । नक्सा फाइनल भए आएपछि बल्ल ठेक्का प्रक्रियामा जाने उच्च अदालत पोखरा बागलुङ इजलासको भनाइ छ । भूकम्पले चर्काएको भवनबाट न्याय सम्पादन गर्दा न्यायका लागि अदालत आउने सेवाग्राही र न्याय दिनेहरूलाई समेत समस्या भइरहेको छ । उनीहरूले जोखिम मोलेरै भए पनि न्याय सम्पादन गरिरहेका छन् ।

कहीं कतै नभए सार्वजनिक जग्गामा टुसको छाप्रो हालेर भए पनि न्याय सम्पादन गर्ने गरी भवन निर्माणलाई अगाडि बढाउने अदालतको योजना रहेको छ । जिल्ला समन्वय समितिको भवनबाट सेवा दिनका लागि अदालतले केही कोठा मागे पनि समन्वयले इन्कार गरि रहेको छ । अन्य विकल्पको खोजी भइरहेको र भवन निर्माण थाल्दासम्म अदालतले अस्थायी रूपमा अन्यत्रैबाट सेवा दिन थाल्नुपर्ने हुन्छ ।

# सवारीसाधनसँग तर्सिएर दर्जन बढी भेडाबाखा मरे

**पोखरापत्र संवाददाता**
**मनाङ, १४ मंसिर**

सवारीसाधनसँग तर्सिएर भाग्दा मनाङमा दर्जन बढी भेडाबाखा मरेका छन् ।

हिमाली क्षेत्रमा चिसो बढेसँगै भेडिगोठबाट बैँसी झर्ने क्रममा नासों गाउँपालिका–३ खोत्रोमा सवार साधनसँग तर्सिएर भाग्दा भीरबाट मर्स्याङ्दी नदीमा खसेर भेडाबाखा मरेका हुन् । सदरमुकाम चामे गाउँपालिका–१ र २ का नरेन्द्र घले, नन्दबहादुर गुरुङ र नलबहादुर गुरुङ लगायतले सञ्चालन गरेको सिद्धार्थ भेडा फार्मका नौ भेडा र दुई बाखा मरेका छन् । भेडीगोठबाट बैँसी झर्ने क्रममा गत मङ्गलबार खोत्रो आइपुगेको र चामेतर्फबाट आएको जीप र विपरीत दिशातर्फ जाँदै गरेको मोटरसाइकलको बीचमा परेपछि तर्सिएर भाग्दा ३१ भेडाबाखा भीरबाट खसेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मनाङका प्रमुख नारायण कुसुमले जानकारी दिनुभयो । प्रमुख कुसुमका अनुसार भीरबाट ३१ भेडाबाखा खसेकोमा दुईवटा बाखा र नौवटा भेडा घटनास्थलमै मरेका छन् । सडक छेउमै रहेको भीरबाट करिब १५ मिटर तल खस्दा भेडा बाखा मरेका उहाँले बताउनुभयो । खबर प्राप्त भएसँगै कार्यालय प्रमुख कुसुमसहित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका टोली घटनास्थल पुगेर अनुगमन समेत गरेका थिए । स्थलगत अनुगमनको क्रममा घटना सत्य भएको र बाँकी घाइते भेडा बाखाको उपचार समेत गरिएको कार्यालय प्रमुख कुसुमले बताउनुभयो । मरेका भेडाको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको उहाँले बताउनुभयो । आकस्मिक रूपमा पशुपालक किसानलाई क्षति पुगेकाले क्षतिपूर्ति दिने र किसानलाई व्यवसाय पुनःस्थापना कार्यक्रमबाट सम्बोधन हुनेगरी आवश्यक प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ । व्यावसायिक भेडाबाखापालन हुँदै आएको सिद्धार्थ भेडा फार्मका हाल ५०० भेडाबाखा छन् । गर्मी मौसममा समुद्री सतहबाट तीन हजार मिटरमाथि उच्च उचाइमा पुग्ने मनाङका भेडीगोठ चिसो बढेसँगै बैँसी झार्ने गरिन्छ ।

# पर्यटकीय गाउँ ताकममा घरबास सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ मंसिर**

जिल्लाको पर्यटकीय गाउँ धवलागिरि गाउँपालिका–७ ताकममा होमस्टे (घरबास) सुरु भएको छ ।

धौलागिरि चक्रीय, गुरिल्ला, गुर्जा र ढोरपाटन पदमार्गको प्रवेश विन्दुमा पर्ने ताकम घुम्न आउने पाहुनाहरूको सुविधाका लागि घरबास सञ्चालन गरिएको हो । पाँच घरमा ४० जना क्षमताको होमस्टे सञ्चालन गरेको ताकम सामुदायिक होमस्टे सञ्चालक समितिका अध्यक्ष कृष्णबहादुर भण्डारीले बताउनुभयो ।

"भ्रमणमा आउने स्वदेशी तथा विदेशी पाहुनाहरूलाई खानबस्नको सुविधाका लागि घरबास चलाएका हौँ," उहाँले भन्नुभयो, "कोरोना महामारीका कारण सुनसान घरबासमा पछिल्लो समय पाहुनाहरू आउन थालेका छन् ।" घरबासमा स्थानीय खाना, खाजाका परिकार र बास बस्ने सुविधा छ । पाहुनाका लागि घरमा छुट्टै कोठा बनाएको होमस्टे सञ्चालक नेत्रलाल सुवेदीले बताउनुभयो । होमस्टेका लागि आवश्यक पर्ने अर्गानिक तरकारी पनि आफैँले उत्पादन गरेको उहाँले बताउनुभयो । स्थानीय चामलको भात, कोदोको ढिँडो, रोटी, भुटेको मकै, भाँगोको अचार, खट्टे लगायतका परिकार खुवाउने गरेका छन् ।

घरबास सञ्चालन भएका घरमा गण्डकी प्रदेश सरकारको सहयोगमा शयनकक्ष, शौचालय र प्रतीक्षालय निर्माण गरिएको छ । पूर्वाधार निर्माण गर्न प्रदेश सरकारले रु १० लाख अनुदान उपलब्ध गराएको थियो । घरबास थपएपछि ताकम घुम्न जाने पाहुनलाई खाने बस्नेको समस्या हटेको छ ।

सुविधायुक्त होटेल नभएको ठाउँमा घरबास प्रभावकारी बनेको ताकमका वडाध्यक्ष कलानिधि सुवेदीले बताउनुभयो । ताकम गाउँको पृष्ठभूमिमा धौलागिरि र गुर्जा हिमालको दृश्य देखिन्छ । राधाकृष्ण नाच ताकमको सांस्कृतिक पहिचान हो । भजन, सालैजो, यानीमाया गीत र नृत्य थप आकर्षण हुन् । ताकमदेखि करिब एक घण्टा पैदल हिँडेपछि ऐतिहासिक ताकमकोत पुगिन्छ । ताकमदेखि कोत पुग्ने सडक पनि निर्माण भएको छ । जगन्नाथ, अन्नपूर्ण, दुर्गालगायत देवीदेवताको मूर्ति रहेका यहाँ नवदुर्गा, जेष्ठी पूर्णिमा, मङ्सिर पूर्णिमा, चैत्राष्टमी पर्वका अवसरमा विशेष मेला लाग्ने गर्छ । पछिल्लो समय पूजाआजा नभएको र मेला नलागेको समयमा पनि दैनिकजसो भक्तजन आइरहेका पुजारी हेमनाथ पौडेलले बताउनुभयो ।

विसं १२४६ देखि १५४५ सम्म बगाले थापाको र १५४६ देखि १८८२ सम्म मल्ल राजाले कोत घरका रूपमा समेत प्रयोग भएको उक्त मन्दिरमा ऐतिहासिक महत्वका तोप, तरबार, खुँडा, खुकुरी, ढाल लगायतका हातहतियार छन् । समुन्द्री सतहदेखि दुई हजार ५०० मिटरको उचाइमा अवस्थित ताकमकोतबाट गुर्जा, धौलागिरि, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाका साथै मनोरम पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१